# हस्तकला समाचार

मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १७ | भाद्र/आश्विन २०६७ | अंक ११०


## इको औद्योगिक पार्क सम्बन्धी अन्तरक्रिया

*हस्तकला लगायत लघु, घरेलु तथा साना उद्योगहरुमा उल्लेख्य संख्यामा महिला उद्यमी व्यवसायीहरुको संलग्नता एवं योगदान रहेको पाइन्छ। विभिन्न महिला उद्यमशिलता विकास सम्बन्धी प्रशिक्षणहरुबाट दक्षता हासिल गरी महिलाहरुद्वारा हस्तकला, सजावट, सिलाई बुनाई जस्ता उद्योगहरु समेत सफलतापूर्वक संचालन गर्दै आएको छ। व्यवसायी महिलाहरुद्वारा संचालित उद्योगहरुलाई एकीकृत गरी एकै ठाउँमा व्यवस्था गर्न हाल औद्यागिक पार्क (ECO - Industrial Park for Business Women) को अवधारणा अनुरुप पहल हुँदै आएको छ। यसै सन्दर्भमा हस्तकला एवं घरेलु उद्योगहरुमा संलग्न महिला उद्यमीहरुलाई उक्त औद्योगिक पार्क सम्बन्धी विविध जानकरी गराउने उद्देश्यले यस महासंघ र नेपाल महिला उद्यमी महासंघको संयुक्त आयोजनामा २०६७ आश्विन १२ गते काठमाडौंमा एक अन्तरक्रिया आयोजना गरियो। सो कार्यक्रममा यस महासंघ, महिला उद्यमी महासंघ, नेपाल लघु उद्यमी समूह महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ र नेपाल महिला उद्यमी बहुउद्देशीय सहकारी संस्था लगायतका संस्थाहरुबाट गरी करीब ३० जना महिला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो।*

उद्घाटन शत्रको प्रारम्भमा यस महासंघ तथा सह आयोजक संस्थाका पदाधिकारीहरु, कार्यक्रमका सहभागी लगायत उपस्थित सबैलाई स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि महासंघले विभिन्न कार्यका साथै समयसापेक्ष गतिविधिहरु संचालन गर्दै आएको बताउनु भयो। यस क्रममा उहाँले महिला व्यवसायी एवं उद्योगीहरुको व्यवसाय प्रबर्द्धनका लागि इको पार्क स्थापना सम्बन्धमा जानकारी गराउन प्रस्तुत कार्यक्रमको आयोजना गरेको बताउँदै तत् सम्बन्धमा आफ्ना सुझावहरु राख्न आग्रह गर्दै आउने दिनमा यस सन्दर्भमा महासंघबाट पनि आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यस क्रममा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै नेपाल महिला उद्यमी महासंघकी अध्यक्ष श्रीमती प्रमिला रिजालले महिलाहरुको व्यवसायिक पृष्ठभूमि, स्वभाव, आवश्यकता एवं सामाजिक दायित्व पृथक हुने भएकोले महिलाहरु संलग्न उद्योग व्यवसायहरु एकै ठाउँमा रहने गरी औद्योगिक पार्क स्थापना गर्न सकिएमा समग्र राष्ट्रकै विकासमा टेवा पुग्ने विचार व्यक्त गर्नुभयो।

उद्घाटन शत्रको अन्तमा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष एवं उद्योग परिषद्का अध्यक्ष श्री धर्मराज शाक्यले हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि महासंघबाट आवश्यक कार्य गर्दै आएको चर्चा गर्दै महिला उद्यमीहरुको क्षमता विकास एवं व्यवसाय प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरुमा महासंघबाट हमेसा सकारात्मक सहयोग गर्ने बताउनु भयो।

*(बाँकी अंश पृष्ठ ३ मा)*

## यस भित्र ...........


* आधुनिक भत्ती सम्बन्धी अवलोकन भ्रमण
* कलाको आधारभूत सिद्धान्त सम्बन्धी प्रवचन
* मकवानपुरका उद्यमी व्यवसायीद्वारा वस्तु विकास एवं बजार प्रवर्द्धन अवलोकन
* सुन चाँदीजन्य हस्तकला प्रवर्द्धन समझदारी
* बिक्रीकला सीप अभिवृद्धि अभिमुखिकरण
* सुन चाँदी आपूर्ति व्यवस्था सम्बन्धी अन्तरक्रिया
* फेल्ट वस्तु विकास प्रशिक्षण/फोल्डर फाइल प्रशिक्षण
* महासंघको सूचना तथा परिपत्र
* अल्लोः परिचय र महत्व
* विविध तालिम, गोष्ठी सहभागिता.....
* विविध


## सुन चाँदीजन्य हस्तकला प्रवर्द्धन सम्बन्धी समझदारी

*नेपालमा परम्परागतकालदेखि हस्तकलाका विविध वस्तुहरुमध्येमा सुन चाँदीका गहना एवं वस्तुहरु किमती एवं उच्चस्तरको हस्तकलाको रुपमा आन्तरिक तथा बाह्य बजारमा उपयोग गर्दै आएको पाउँछौं। स्तरीय कलाकारिता एवं वस्तुको विशिष्टताले गर्दा सुन चाँदीजन्य वस्तुको मान्यता अझ बढाएको छ। यद्यपि विभिन्न समयमा आइपर्ने नीतिगत समस्या, चाँदी आपूर्ति समस्या, मूल्य अस्थिर हुनु जस्ता समस्याले गर्दा यस क्षेत्रको व्यवासायिक एवं निकासी प्रबर्द्धनमा असर पर्ने गरेको छ। आलै राष्ट्र बैंकबाट जारी गरिएको सुन चाँदी आयात एवं आपूर्ति सब्मन्धी नीतिगत व्यवस्थाले बजारमा सुन चाँदीको अभाव हुन गई सुन चाँदीजन्य वस्तु सम्बन्धी व्यवसायमा असर पर्न गएको र यसको समाधानका लागि सरकारसंग पहल भइरहेको छ।*

*(बाँकी अंश पृष्ठ ४ मा.............)*

# आधुनिक भत्ती सम्बन्धी अवलोकन भ्रमण

*नयाँ प्रविधिको विकासले गर्दा सेरामिक एवं धातु कलाका वस्तु लगायत विभिन्न हस्तकला उत्पादनलाई सहज तुल्याई व्यवसाय प्रबर्द्धनमा टेवा पुऱ्याउँदै आएको छ । यस क्रममा सेरामिक्स् वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुले हाल प्रयोग गरिदैं आएको बहु इन्धन प्रयोग गर्न सकिने र उर्जाको बचत हुने आधुनिक भत्ती (Insulated Furnace) सम्बन्धी अवलोकन गर्ने उद्देश्यले यस महासंघको धातु वस्तु विकास उप समितिद्वारा २०६७ श्रावण १८ गते मध्यपुर ठिमीमा अवलोकन भ्रमण सम्पन्न गरियो । सो समितिका संयोजक श्री सन्तकुमार शाक्यको नेतृत्वमा गएको उक्त टोलीमा समितिका सदस्यहरु, उद्योग परिषद्का सचिव श्री रविन्द्रनाथ श्रेष्ठ र अन्य कर्मचारीको सहभागिता रहेको थियो ।*



सेरामिक वस्तु उत्पादनमा भत्तीको प्रयोगको दृश्य



धातुमूर्ति कला धलाईमा संचालित भत्तीको अवलोकन गर्दै

उक्त अवसरमा भ्रमण टोलीको स्वागत गर्दै नेपाल सेरामिक्स् सहकारी संस्था लि. का अध्यक्ष श्री हरिगोविन्द प्रजापतिले संस्थाको क्रियाकलापबारे जानकारी गराउनु भएको थियो । साथै सो क्रममा यस महासंघ र सो संस्थाको सहकार्यमा संचालन गर्न सकिने कार्यक्रमहरुबारे छलफल भएको थियो । यसैगरी उक्त संस्थाका सदस्य श्री दिलकृष्ण प्रजापतिज्यूले सो सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई व्यवसाय प्रबर्द्धनका लागि नयाँ प्रविधि अपनाउन जागरण गराउनुका साथै आवश्यक सहयोग समेत गर्दै आएको बताउनु भयो । उक्त अवसरमा भ्रमण टोलीद्वारा संस्थामा अवस्थित बहु इन्धनबाट संचालन गर्न सकिने औद्योगिक भत्ती (Insulated Furnace) अवलोकन गर्नुको साथै सो भत्तीको लागि आवश्यक सामग्रीहरु, निर्माण गर्ने तरीका र संचालन सम्बन्धी जानकारी हासिल गरेका थिए । तत् पश्चात सो टोलीद्वारा ठिमी सेरामिक्स् र एभरेष्ट सेरामिक्स्मा भ्रमण गरी ती सेरामिक्स् उद्योगस्थलहरुमा संचालित काठ तथा भुसबाट संचालन हुने मट्टितेलबाट संचालन हुने र बिजुलीबाट संचालन हुने आधुनिक भत्तीहरु (Insulated Furnace) को समेत अवलोकन गरिएको थियो ।

अवलोकनको क्रममा भ्रमण टोलीका सहभागीहरु र तहाँका संस्थाका प्रतिनिधिहरुबीच आपसी अनुभवहरु आदान प्रदान हुनुका साथै धातु ढलाईमा संचालित भत्ती सामान्य किसिमको भएको र ती भत्तीहरुमा इन्धन धेरै खेर गईरहेको तथा धातु ढलाई गर्न कठिन भएको बताइएको थियो । यस क्रममा उक्त संस्थाका प्रतिनिधिहरुलाई निकट भविष्यमा ललितपुरस्थित धातुजन्य उद्योग एवं उद्यमीहरुले संचालन गरिरहेको भत्तीहरु अवलोकनका लागि आमन्त्रण गर्नुका साथै उपयुक्त आधुनिक भत्तीहरु (Insulated Furnace) निर्माण गर्न उहाँहरुबाट आवश्यक सहयोग प्रदान गर्न समेत सो भ्रमण टोलीद्वारा आग्रह गरिएको थियो ।

यसैगरी धातुजन्य वस्तु तथा मूर्ति ढलाई कार्यमा उद्यमी व्यवसायीहरुले प्रयोग गर्दै आएको भत्ती (Furnace) मा उर्जाको खपत किफायती तथा बचत कसरी गर्न सकिन्छ भन्ने विषयमा जानकारी प्राप्त गर्न र सेरामिक्स्का वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुको उन्नत तथा सुधारिएको भत्तीको अनुभव आदान प्रदान गर्ने उद्देश्यले २०६७ भाद्र २८ गते महासंघको उद्योग परिषद् अन्तर्गतको धातु वस्तु विकास उपसमितिको संयोजनमा ललितपुरमा एक स्थलगत अध्ययन अवलोकनको आयोजना गरियो । उक्त अवसरमा औद्योगिक उर्जा व्यवस्थापन आयोजनाका प्रमुख श्री कमल मानन्धर, मध्यपुर ठिमीस्थित नेपाल सेरामिक्स् सहकारी संस्था लि.का उपाध्यक्ष श्री विक्रम प्रजापति, कोषाध्यक्ष श्री दिलकृष्ण प्रजापति एवं संस्थाका सदस्यहरु र धातु वस्तु विकास उपसमितिका संयोजक श्री सन्तकुमार शाक्य एवं सो समितिका सदस्यहरु तथा उद्योग परिषद्का सचिव, सह सचिवको उपस्थिति रहेको थियो ।

स्थलगत अध्ययन तथा अवलोकनको क्रममा सहभागीहरुले ललितपुरमा संचालित धातु उद्योगहरुमा धातु मूर्तिकला ढलाई गर्ने प्रक्रिया अवलोकन गर्नुका साथै धातु मूर्ति ढलाई सम्बन्धी समस्याहरुको जिज्ञासा निवारण गरिएको थियो । अवलोकन कार्यक्रम पश्चात एक आपसमा भएको अन्तरक्रिया तथा छलफलबाट विद्यमान भत्ती (Furnace) मा Insulated Block र Blanket प्रयोग गरी उर्जा बचत गर्नुका साथै कामदारहरुलाई सुरक्षाको अनुभूति दिन सकिने निर्क्यौल गरिएको थियो ।

## कलाको आधारभुत सिद्धान्त सम्बन्धी प्रवचन

*प्राचिनकालदेखि नेपाल मूर्तिकला, वास्तुकला, काष्ठकला, प्रस्तरकला लगायतका विधाहरुमा प्रख्यात रहँदै आएको छ । त्यतिबेलाका हस्तसिद्ध कलाकारहरुको सीप एवं दक्षताको कारण नेपालमा धेरै उत्कृष्ट मन्दिर, देवालय, विहार, दर्बार, ऐतिहासिक महत्वका कलाकृतिहरु आदि निर्माण भयो जुन अद्यापि नेपालको ऐतिहासिक धरोहरको रुपमा जीवन्त रहेको छ । नेपाली कलाकृतिहरुको उत्कृष्टता एवं विशेषताले गर्दा वर्तमान समयमा पनि यसको स्वदेश तथा विदेशमा राम्रो माग रहेको छ । वर्तमान समयमा नेपाली कलाकृतीका वस्तुहरुको व्यवसायिक रुपमा उत्पादन गर्दा उद्यमीहरुले सांस्कृतिक, धार्मिक मूल्य मान्यता एवं कलाको सिद्धान्तलाई उद्यमी कलाकारहरुले खास ध्यान दिएको पाइदैन । यसै सन्दर्भमा नेपाली कलाकृतिलाई विशेषतायुक्त एवं उत्कृष्ट बनाउने र कलाकृति बनाउँदा के-कस्ता कुरामा बिचार पुऱ्याउनु पर्छ भन्ने बिषयमा कलाको आधारभूत सिद्धान्तबारे जानकारी गराउने उद्देश्यले महासंघको कला कौशल विकास समितिद्वारा २०६७ भाद्र १७ गते काठमाडौंमा एक प्रवचन कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा विभिन्न विधाका हस्तकला उत्पादनमा संलग्न १६ जना उद्यमी कलाकारहरुको सहभागिता रहेको थियो ।*

सो अवसरमा स्वागत मन्तव्य राख्दै महासंघका अध्यक्ष श्री बिकासरत्न धाख्वाले नेपालमा प्रायः कलाकृतिहरु धार्मिक एवं सांकृतिक मूल्य मान्यत(ाका आधारमा सिर्जना गरिने बताउनु भयो । सो क्रममा उहाँले कलाकारहरुमा कला सम्बन्धी आधारभूत ज्ञानको आवश्यकता पर्ने औंल्याउँदै विषयगत ज्ञानको अभावमा सृजित कला महत्वहिन हुन जाने विचार व्यक्त गर्नुभयो । अतः कार्यक्रममा आफ्ना अनुभव आदानप्रदान गर्न र कला सिर्जना सम्बन्धी महत्वपूर्ण जानकारी लिई व्यवहारमा उतार्न समेत उहाँले आग्रह गर्नुभयो । सो क्रममा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै महासंघका कार्यसमिति सदस्य एवं समितिका संयोजक श्री सुरजमान वज्राचार्यले कलाकौशल बिकास समितिले आउने दिनमा महासंघका कलाकार र कालिगढहरुको आवश्यकताका आधारमा कार्यक्रमहरु तय गर्दै जाने बताउनु भयो । कला कौशलको प्रबर्द्धनका लागि विगतमा समितिले कलाको परिचयात्मक प्रवचन र भक्तपुर दरबार स्क्वायरको अध्ययन अवलोकन भ्रमण गराइएको बताउँदै उहाँले यस प्रबचनले सम्बन्धित कलाकार तथा कालिगढहरुमा आफ्नो कलाकृतिको विकास र गुणस्तर बृद्धि गर्न सघाउ पुग्ने अपेक्षा गर्नुभयो ।

तत्पश्चात श्रोतव्यक्ति श्रीमती सलोनी श्रेष्ठले कलाको आधारभूत सिद्धान्त सम्बन्धी विषयगत प्रस्तुति गर्नुभयो । प्रस्तुतिको क्रममा उहाँले उत्कृष्ट कला कृति सिर्जनाको क्रममा कलाकारहरुले कलाको एक रुपता, सन्तुलन, अनुपात, सुरलहर, आयाम, दृष्टिभङ्ग, दूरान्तर, संयोजन (संरचना), आकार एवं आयतन तथा प्रबलता आदिमा विशेष ध्यान दिनुपर्ने बताउँदै तत् सम्बन्धमा प्रष्ट्याउनु भयो ।

अन्तमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष श्री धर्मराज शाक्यले महासंघ वर्तमान अवस्थासम्म आइपुग्नुमा कलाकार र कालिगढहरुको महत्वपूर्ण योगदान रहेको चर्चा गर्दै महासंघले कलाकारहरुको वृत्ति बिकास तथा मौलिक कला, संस्कृतिको सम्बर्द्धन गर्न सक्दो प्रयत्न गर्ने बताउनुभयो । यस क्रममा उहाँले कलाकारहरुले सिर्जित कलाकृतिहरुको पुनरावलोकन गर्न र कलामा विद्यमान कमी कमजोरीहरु केलाउनु पर्नेमा जोड दिंदै प्रवचनबाट हासिल गरेको ज्ञानलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो ।

## इको औद्योगिक पार्क सम्बन्धी अन्तरक्रिया (पृष्ठ १ को बाँकी अंश .........)

कार्यक्रमको दोस्रो शत्रमा विज्ञ श्रोतव्यक्तिहरु श्रीमती निलु रायमाझी खत्री, श्रीमती शारदा रिजाल एवं श्रीमती रेखा अर्यालले विषयगत कार्य पत्रहरु प्रस्तुत गर्नु भएको थियो । श्रोतव्यक्तिहरुबाट कार्यक्रममा व्यवसायिक महिलाहरुका लागि गुणस्तरीय व्यवस्थापन तथा अन्तर्राष्ट्रिय प्रमाणिकरण र महिला उद्यमी व्यवसायीहरुका लागि औद्योगिक पार्क विषयमा जानकारीहरु प्रस्तुत गरिएको थियो । तत्पश्चात विषयग प्रस्तुति सम्बन्धमा छलफल भई आवश्यक बजेट एवं योजना सहित संचालित क्षेत्रगत एवं वस्तुगत उद्योगहरु आधारमा समावेश गरी महिला उद्यमी व्यवसायीहरुको प्रबर्द्धनका लागि पार्क स्थापना गर्नुपर्नेमा जोड दिइयो । सहभागीहरुका अनुसार यस प्रकारको पार्क स्थापना गरी व्यवस्थित रुपमा संचालन गर्न सकिएमा समग्र महिला उद्यमी व्यवसायीहरुको उत्थानमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## मकवानपुरका उद्यमी व्यवसायीहरुद्वारा वस्तु विकास एवं बजार प्रबर्द्धन अध्ययन अवलोकन भ्रमण

महासंघमा आबद्ध जिल्ला संघ, मकवानपुर हस्तकला उद्योग संघका महिला उद्यमी व्यवसायीहरुलाई प्राकृतिक रेशाजन्य वस्तुको विकास एवं तिनको बजार प्रबर्द्धन सम्बन्धी स्थलगत वस्तुस्थितिबारे जानकारी प्रदान गरी व्यवसाय प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सो संघका अध्यक्ष श्री ज्ञानभक्त लामाको नेतृत्वमा आएका १० जना महिला उद्यमीहरुको टोलीद्वारा हालै काठमाडौंस्थित विभिन्न प्राकृतिक रेशाजन्य वस्तु उत्पादन गर्ने उद्योगहरुको अध्ययन अवलोकन सम्पन्न गरियो । महासंघको वाणिज्य परिषद्को संयोजनमा महासंघका सहायक सचिव श्री देवराज बज्राचार्यले उक्त टोलीलाई काठमाडौस्थित सम्बन्धित केही फर्म तथा उद्योगहरुको स्थलगत अवलोकन गराई विषयगत जानकारी प्रदान गरिएको थियो । सो टोलीद्वारा अन्नपूर्ण हेण्डमेड पेपर इण्डष्ट्रीज, मानुषी, निनम एण्ड रिडम प्रा.लि., साना हस्तकला तथा हस्तकला डिजाइन केन्द्रमा स्थलगत भ्रमण गरी प्राकृतिक रेशाजन्य वस्तुहरुको डिजाइन, विकास एवं बजार वस्तुस्थितिबारे जानकारी हासिल गर्नुका साथै आफ्ना उत्पादनहरु प्रदर्शन गरी व्यवसायिक सम्बन्ध विकासका लागि पहल गरिएको थियो । यस अध्ययन अवलोकनबाट सहभागीहरुमा वस्तु तथा डिजाइन विकास सम्बन्धी ज्ञान अभिबृद्धि भएको र व्यवसाय प्रबर्द्धन हुनेमा आशावादी भएको जनाइएको छ ।

## सुन चाँदीजन्य हस्तकला प्रबर्द्धन ( पृष्ठ १ को बाँकी अंश ........)

सुन चाँदीजन्य गहना एवं वस्तुको प्रबर्द्धनका लागि नेपाल हस्तकला महासंघ र नेपाल सुन चाँदी व्यवसायी संघले धेरै पहिलेदेखि आवश्यक पहल हुँदै आएको छ । यसै क्रममा आउने दिनमा आपसी सम्बन्ध सुदृढ पार्नुका साथै सुन चाँदीजन्य गरगहना तथा हस्तकला वस्तु वस्तुहरुको व्यवसायिक एवं निकासी प्रबर्द्धनमा आपसी सहयोग र सहकार्य गर्दै जाने क्रममा नेपाल हस्तकला महासंघ र नेपाल सुन चाँदी व्यवसायी संघ, केन्द्रिय कार्यालयबीच २०६७ भाद्र ११ गते महासंघको कार्यकक्षमा समझदारी सम्पन्न भएको छ । सो अवसरमा यस महासंघको तर्फबाट अध्यक्ष श्री विकासरत्न धाख्वा र सु.चाँ.व्य.संघको तर्फबाट केन्दिय अध्यक्ष श्री तेजरत्न शाक्यले समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। उक्त अवसरमा यस महासंघका पदाधिकारी, कार्य समिति सदस्य, का.मु. महानिर्देशक र सो संघका पदाधिकारी एवं कार्य समिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

प्रारम्भमा यस महासंघका अध्यक्षबाट सो संघका पदाधिकारी लगायत उपस्थित सबैको स्वागत गर्दै विगतमा सुन चाँदीजन्य वस्तुको प्रबर्द्धनका लागि दुई संघहरुको आपसी सहयोगमा सम्पन्न भएका क्रियाकलापहरुबारे स्मरण गराउनु भयो । सो क्रममा उहाँले वर्तमान परिवेशमा कुनै पनि संस्थाको एकलो प्रयासबाट व्यवसायिक प्रबर्द्धन नहुने चर्चा गर्दै आउने दिनमा कच्चा पदार्थको व्यवस्थित आपूर्ति गर्न, वस्तु तथा गुणस्तर बृद्धि एवं विविधिकरण गरी व्यवसाय प्रबर्द्धन गर्न तथा दक्ष जनशक्ति विकास लगायतका कार्य गर्न दुई संघबीच सम्पन्न यस समझदारीले महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्दै यस क्षेत्रको समग्र विकासका लागि आउने दिनमा समयसापेक्ष पहल गर्दै जाने बताउन भयो । सो क्रममा हितैषी संघको रुपमा महासंघले सुन चादी व्यवसायमा विद्यमान समस्या फुकाउन बेलामा सहयोग गर्दै आएको स्मरण गर्दै हालै सुन चाँदीको आपूर्तिमा विद्यमान समस्याको तत्काल निकासका लागि महासंघबाट गरेको सकारात्मक भूमिकाका लागि सो संघको तर्फबाट आभार समेत व्यक्त गर्नुभयो । यस क्रममा उहाँले सुन चाँदी घरायसी प्रयोजनका साथै निकासीयोग्य वस्तु उत्पादनमा समेत अत्याधिक उपयोग हुँदै आएको र यसमा दुबै संघहरुको भूमिका र योगदानबारे सरकारले मनन गर्नुपर्ने र ती संस्थाहरुको प्रबर्द्धनमा विशेष प्राथमिकता दिनुपर्ने विचार व्यक्त गर्दै आजको यस समझदारीबाट सुन चाँदीजन्य गहना तथा हस्तकलाको व्यवसाय प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गर्नुभयो। कार्यक्रममा यस महासंघका कार्य समिति सदस्य एवं सुन चाँदी वस्तु विकास समितिका संयोजक श्री यज्ञमान शाक्यले सुन चाँदीजन्य वस्तुको योगदान र संघहरुको बीचको सम्बन्धबारे चर्चा गर्दै कार्यक्रमको महत्वबारे प्रकाश पार्नुभयो । यस क्रममा महासंघका का.मु. महानिर्देशक श्री दिलिप खनालले समझदारी पत्रमा उल्लेखित विवरणबारे प्रस्तुत गर्नुभयो ।

अन्तमा यस महासंघका उपाध्यक्ष एवं उद्योग परिषदका सभापति श्री धर्मराज शाक्यले दुई संघहरुले आपसी हित प्रबर्द्धनका लागि सहकार्य गर्दै आएको र आजको यस औपचारिक समझदारीबाट सुन चाँदीजन्य गहना तथा हस्तकलाको प्रभावकारी विकासमा सहयोग पुऱ्याउने अपेक्षा गर्दै उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । यस क्रममा उहाँले महासंघको उद्योग परिषद् अन्तर्गत सुन चाँदी वस्तु समिति गठन भएको र निकासी हुने चाँदीजन्य वस्तु लगायत हस्तकलाका अन्य वस्तुको गुणस्तर परीक्षणका लागि महासंघ र सरकारको लगानीमा हस्तकला प्रयोगशाला स्थापनाका लागि पहल भइरहेको बताउनु भयो ।

## बिक्रीकला सीप अभिबृद्धि सम्बन्धी अभिमुखिकरण

*हस्तकलाको व्यवसायिक प्रबर्द्धनका लागि वस्तुको उत्पादनका साथै तिनको प्रभावकारी बिक्री वितरण हुनु आवश्यक पर्दछ । यस क्रममा हतकला उद्यमी व्यवसायीहरुलाई विक्रयकलाका आधारभूत तत्वहरु, प्रक्रिया एवं बिक्री चरण सम्बन्धी जानकारी गराई बिक्रीकला सीप अभिबृद्धि गर्ने उद्देश्यले महासंघको विविध वस्तु उप समितिको संयोजनमा २०६७ श्रावण २७ गते काठमाडौंमा बिक्रीकला सीप अभिबृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम आयोजना गरियो । महासंघका सहायक सचिव श्री रबिन्द्रनाथ श्रेष्ठ श्रोतव्यक्ति रहनु भएको उक्त कार्यक्रममा २६ जना हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।*

आपसी परिचयबाट शुरुवात गरिएको उक्त कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै महासंघको कार्यसमिति सदस्य एवं समितिकी संयोजक श्रमिती रत्नेश्वरी श्रेष्ठले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै कार्यक्रमबाट महत्वपूर्ण ज्ञान हासिल गर्न आग्रह गर्नुभयो । तत्पश्चात श्रोतव्यक्तिबाट विषयगत प्रस्तुति गर्नुभयो । कार्यक्रममा सहभागीहरुलाई विक्रयकलाको परिभाषा, महत्व, भूमिका, आधारभूत तत्वहरु, बिक्रेतामा हुनुपर्ने गुणहरु, ग्राहकको प्रकार एवं चरित्र, बिक्री कक्षको व्यवस्थापन, बिक्री प्रक्रिया एवं सम्बन्ध विकास सम्बन्धमा जानकारी प्रदान गरिएको थियो । विषयगत प्रस्तुतिपश्चात छलफलको क्रममा सहभागीहरुले मेलाहरुमा सहभागिता तथा व्यवसाय संचालनको सिलसिलामा भोगेका समस्या सम्बन्धी अनुभव आदान प्रदान गरेका थिए ।

साथै सहभागीहरुले भविष्यमा पनि सम्बन्धित व्यवसायीहरुका लागि समयसापेक्ष बिक्रीकला सीप सम्बन्धी जानकारीमूलक कार्यक्रम गर्दै जानुपर्ने सुझाव दिइएको थियो ।




*समितिकी संयोजकबाट कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नु हुँदै*

## सुन चाँदी आपूर्ति व्यवस्था सम्बन्धी अन्तरक्रियामा

*हस्तकला निकासीमा सुन चाँदीजन्य हस्तकलाको महत्वपूर्ण योगदान रहँदै आएको छ। आ.व. २०६६/६७ मा चाँदी जन्य हस्तकलाको निकासी रु. ३६८,७२१,४९४। रहेको थियो, जुन कुल हस्तकला निकासीको १३.२४ प्रतिशत हिस्सा रहेको थियो। नेपाल राष्ट्र बैंकको सुन चाँदी आपूर्ति सम्बन्धी नयाँ व्यवस्था एवं यसको खुल्ला आयातमा रोक लगाइएबाट विगत केही समयदेखि बजारमा कच्चा सुन चाँदीको कमी एवं सहज आपूर्ति नहुँदा सम्बन्धित व्यवसायीहरुको उत्पादन र व्यवसाय संचालन मै प्रतिकुल असर पर्न गएको छ। यसै परिप्रेक्ष्यमा सुन चाँदी आपूर्ति व्यवस्था सम्बन्धमा समसामयिक जानकारी प्रदान गर्नुका साथै हस्तकला उद्यमी व्यवसायीहरुलाई यसको सहज आपूर्ति सम्बन्धमा छलफल गर्ने उद्देश्यले महासंघको सुन चाँदी वस्तु विकास समितिद्वारा २०६७ आश्विन १८ गते काठमाडौंमा एक अन्तरक्रियाको आयोजना गरियो।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले हस्तकलाको निकासी प्रबर्द्धनका लागि सुन चाँदीको सहज एवं सुलभ आपूर्ति हुनुपर्ने चर्चा गर्दै हाल विद्यमान सुन चाँदी समस्याको उचित समाधान एवं पहल सम्बन्धमा छलफल गर्न प्रस्तुत कार्यक्रम गरेको बताउँदै तत् सम्बन्धमा आफ्ना सुझाव राख्न आग्रह गर्नुभयो। सो क्रममा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै महासंघका कार्य समिति सदस्य एवं सुन चाँदी वस्तु विकास समितिका संयोजक श्री यज्ञमान शाक्यले हस्तकला निकासी प्रबर्द्धनका लागि सुन चाँदीको सहज आपूर्ति व्यवस्थाका लागि महासंघले पहल गर्दै आएको बताउनु भयो। यस क्रममा उहाँले हाल बजारमा सुन चाँदीको अभावको समस्यालाई केही हद्सम्म कम गर्न नेपाल राष्ट्र बैंकले आश्विन १२ गतेबाट प्रत्येक मंगलबार बोल कवोल प्रक्रियाबाट तय गरिएको परिमाणमा सुन चाँदी बिक्री वितरण भईरहेको जानकारी गराउँदै आश्विन १९ गते हुने बोल कवोलमा पनि सुन चाँदीजन्य वस्तु सम्बन्धी व्यवसायमा संलग्न जो कोहीले पनि प्रक्रिया पुऱ्याई सहभागी हुन सक्ने बताउनु भयो। यस क्रममा उहाँले महासंघबाट जाने हो भने के कसरी सहभागी हुने भन्नेबारे छलफल गर्न समेत आग्रह गर्नुभयो।

सो अवसरमा मन्तव्य राख्दै महासंघका पूर्व अध्इक्ष श्री इन्द्रबहादुर शाक्यले हस्तकला लगायत सुन चाँदी जन्य वस्तुको निकासीबाट देशलाई ठुलो परिमाणमा विदेशी मुद्रा आर्जन भइरहेको चर्चा गर्दै यसको निकासी प्रबर्द्धनका लागि सहज एवं सहुलियत चाँदी आपूर्तिका लागि महासंघको पहलमा राष्ट्र बैंकले निकासीकर्ताहरुलाई यो सुविधा दिँदै आएको बताउनु भयो। वर्तमान अवस्थामा पनि महासंघका उद्यमी व्यवसायीहरुको उत्पादन सहज पार्न र निकासी प्रबर्द्धनका लागि हस्तकला उद्यमी व्यवसायीहरुलाई राष्ट्र बैंकबाट सहज सुन चाँदीको आपूर्ति गर्न कडा पहल हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

तत्पश्चात सहभागीहरुबीच सुन चाँदी आपूर्ति बोलकवोल प्रक्रिया सन्दर्भमा छलफल भई सो प्रक्रियाबाट बजारमा सुन चाँदीको भाउ बढ्ने र यस प्रक्रियाबाट उत्पादक एवं उद्यमीको हित नहुने हुँदा आउने दिनमा सुन चाँदीजन्य हस्तकलाको निकासी प्रबर्द्धनका लागि राष्ट्र बैंकबाट सुन चाँदीको सहज आपूर्तिका लागि महासंघबाट गतिलो पहल हुनुपर्नेमा जोड दिइयो।

## फेल्टजन्य वस्तु विकास सम्बन्धी प्रशिक्षण

फेल्टजन्य वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुमा फेल्टजन्य वस्तु विकास सम्बन्धी समयसापेक्ष सीप अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघ र फेल्ट उद्योग संघ, नेपालको संयुक्त आयोजना एवं हस्तकला डिजाइन तथा विकास केन्द्रको व्यवस्थापनमा २०६७ आश्विन १२ देखि १४ गते सम्म ललितपुरमा फेल्टजन्य वस्तु विकास (*Needle Felting*) सम्बन्धी प्रशिक्षण संचालन गरियो। जापानीज विषय विज्ञ हिराकावा, श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा फेल्टजन्य वस्तु सम्बन्धी व्यवसायमा संलग्न २६ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो। प्रशिक्षणको क्रममा सहभागीहरुलाई *Needle Felting* सम्बन्धमा जानकारी प्रदान गर्नुका साथै फेल्टबाट फूल, जनावर, हर्ट आकार एवं बल बनाउने तरीकाबारे सीप प्रदान गराइएको थियो।

## फोल्डर फाइल बनाउने सीप सम्बन्धी प्रशिक्षण

हिजोआज हाते कागज एवं कपडाको प्रयोग गरी विभिन्न आकर्षक एवं उपयोगी हस्तकलाका वस्तुहरु उत्पादन गरी बिक्री वितरण गर्दै आएको छ। यसै क्रममा सम्बन्धित उद्यमी व्यवसायीहरुमा समयसापेक्ष सीप अभिबृद्धि गरी आय आर्जनको अवसर प्रदान गर्ने उद्देश्यले **हस्तकला डिजाइन तथा विकास केन्द्रद्वारा क्राफ्ट प्यालेस** नामक संस्थासंगको सहकार्यमा २०६७ भाद्र २४, २५ र आश्विन ४ मा तीन दिने **फोल्डर फाइल बनाउने** सम्बन्धी सीप प्रशिक्षण ललितपुरमा संचालन गरियो। जापानीज स्वयंसेवक संस्था, जाइकाकी विषय विज्ञ श्रमिती टोमोको कुरीटाले श्रोतव्यक्तिको रुपमा सो प्रशिक्षण संचालन गरिएको थियो। सो प्रशिक्षणमा सम्बन्धित क्षेत्रका ७ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो।

# महासंघको सूचना तथा परिपत्र

## हस्तकला प्रवर्द्धन सप्ताह, २०६७ आयोजना हुने ।

विभिन्न विधाका नवोदित हस्तकला वस्तुहरुको प्रवर्द्धनका साथै क्रेता तथा विक्रेताहरुबीच व्यवसायिक सम्बन्ध विकास गर्ने उद्देश्यले यस महासंघद्वारा गत वर्ष झैं यस वर्ष यही २०६७ मंसिर २२ देखि २८ सम्म **हस्तकला प्रबर्द्धन सप्ताह कार्यक्रम** आयोजना गरिन लागेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

सो अवसरमा उत्पादक एवं उद्यमीहरुको उत्पादनबारे प्रदर्शन गरी तिनको बजार प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले तल उल्लेखित तालिका बमोजिम वस्तुहरुको प्रदर्शन गरिने छ र सम्बन्धित क्रेता एवं उत्कृष्ट निर्यातकर्ताहरुलाई अवलोकन एवं कार्यक्रममा सहभागिताका लागि आमन्त्रण गरिने छ ।

| क्र.सं. | विवरण | मिति | क्र.सं. | विवरण | मिति |
|---|---|---|---|---|---|
| १ | सुनचाँदी गरगहना र वस्तुहरु | २०६७ मंसिर २२ | ४ | धातुका मूर्ति तथा वस्तुहरु | २०६७ मंसिर २६ |
| २ | सुती, उनी तथा फेल्टका वस्तुहरु | २०६७ मंसिर २३ | ५ | पौभा, प्रस्तरकला र काष्ठकलाका वस्तुहरु | २०६७ मंसिर २७ |
| ३ | प्राकृतिक रेसाका वस्तुहरु | २०६७ मंसिर २४ | ६ | पश्मिना, हाते कागज र सेरामिक्स्का वस्तुहरु | २०६७ मंसिर २८ |

यस हस्तकला प्रवर्द्धन सप्ताहमा विशेषतः नौलो एवं नवोदित डिजाइनका वस्तुहरुको सहभागिताका लागि प्राथमिकता दिईनेछ । अतः सो प्रदर्शनीमा नवोदित डिजाइन एवं वस्तुहरुलाई ग्राहयता दिने हुँदा सो समयसम्म आफ्ना नयाँ उत्पादनहरु तयार गरी सप्ताहमा प्रदर्शन गर्नुभई व्यवसायिक अवसर हासिल गर्न र व्यापार व्यवसाय प्रवर्द्धन गर्नु हुन सम्पूर्ण सदस्य महानुभावहरुमा सूचित गरिन्छ । कार्यक्रममा सहभागिताका लागि केही सिमित स्थान मात्र बाँकी रहेको हुँदा कार्यक्रममा सहभागी हुन ईच्छुक सदस्य महानुभावहरुले २०६७ मंसिर १० गते सम्ममा आवेदन फाराम भरी रु. १,०००/(सदस्य) र रु. १,५००/(गैर सदस्य) शुल्क सहित महासंघमा बुझाई आफ्नो स्टल सुरक्षित गर्नु हुन समेत हार्दिक अनुरोध गरिन्छ ।

थप जानकारीको लागि सम्पर्क व्यक्ति/ठेगाना :

कृष्णसुन्दर हाडा, फोन : ४२४४२३१/४२४५४६७ ईमेल : han@wlink.com.np, नेपाल हस्तकला महासंघ, थापाथली

## १० औं सार्क ब्यापार मेलामा हस्तकला क्षेत्रको सहभागिता सम्बन्धी सूचना

सार्क सदस्य मुलुकहरुमा आर्थिक तथा वाणिज्य गतिविधिहरु अभिबृद्धि गरी आपसी व्यापार प्रबर्द्धनमा सहयोग पुगोस भन्ने उद्देश्यले प्रत्येक दुई/दुई वर्षमा आपसी सहमती अनुरुप विभिन्न सदस्य मुलुकहरुमा सार्क व्यापार मेला आयोजना हुँदै आएको छ । यसै क्रममा नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रा(लयद्वारा व्यापार तथा निकासी केन्द्रको समेत संलग्नतामा १० औं सार्क व्यापार मेला **२०६७ मंसिर २९ देखि पौष ४ गते (डिसेम्बर १५ देखि १९ तारीख) सम्म** काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिन लागेको छ । सो अवसरमा सार्क सदस्य मुलुकहरुमा विद्यमान विभिन्न आर्थिक विकास सम्भावना एवं अवसरहरुको खोजी गरी तिनलाई आपसी हित प्रबर्द्धनका लागि कार्यान्वयन गर्दै जाने उद्देश्यले सदस्य मुलुकहरुमा उत्पादित विभिन्न उत्पादनहरुको प्रदर्शन गरिने छ ।

उक्त मेलालाई सफलतापूर्वक सम्पन्न गर्न सो मेलामा हस्तकला वस्तु एवं व्यवसायीहरुको सहभागिताका लागि अनुरोध भई आएकोमा यस महासंघले विभिन्न विधाको हस्तकलाको प्रदर्शनी गरी उद्यमी व्यवसायीहरुको व्यापार प्रबर्द्धन गर्ने उद्देश्यले सो मेलामा सहभ(ागिताका लागि महासंघमा आबद्ध वस्तुगत संघहरु एवं जिल्ला संघ सदस्यहरुलाई परिपत्र गरिएको थियो । मेलामा सहभागिताका लागि हाल सिमित स्टल मात्र बाँकी रहेको हुँदा महासंघका ईच्छुक सदस्य महानुभावहरुले **मिति २०६७ मंसिर ६ गते सोमबार** सम्ममा आफ्नो व्यवसायिक विवरण सहित महासंघमा सम्पर्क राख्न हुन सूचित गरिन्छ । साथै पहिलो प्राप्त आवेदनको आधारमा सिमित संख्यामा सहभागिताको व्यवस्था मिलाइने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ । व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका अनुसार यस महासंघका सदस्यहरुका लागि प्रति स्टलको भाडा रु. १०,०००। कायम गर्ने तय गरेको समेत सूचित गरिन्छ ।

# अल्लोः परिचय र महत्व

- श्री देवराज बज्राचार्य

*स्थानिय रुपमा उपलब्ध हुने प्राकृतिक स्रोतहरुको प्रयोग गरी विभिन्न हस्तकलाका वस्तुहरु उत्पादन गर्ने गर्दछ । त्यसमध्येमा अल्लोबाट रेशाहरु निकाली विभिन्न आकर्षक हस्तकला वस्तु उत्पादन गरी राम्रो निकासी समेत गर्दै आएको छ । यस महासंघको तथ्यांक अनुसार आ.व. २०६५/६६ र २०६६/६७ मा क्रमशः रु. ३,९१,३२,१०१। र रु. २,४५,९१,०३४। बराबरका अल्लो/हेम्पका हस्तकला विभिन्न मुलुकहरुमा निकासी भएको थियो भने यसबाट धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्दै आएको छ ।*

*अल्लो नेपालको विभिन्न क्षेत्रको उच्च पहाडहरुका सेपिलो, भिरालो, खोल्सा जंगलहरुमा सजिलैसंग पाउन सकिने एक विरुवा हो । समुद्री सतहबाट १५०० देखि ३००० मिटरसम्मको उचाईमा पाइने यस विरुवाहरु उचाईमा १.५ देखि ३.५ मिटरसम्मको पाइन्छ । यस विरुवाको डाँठ मसिना भुसहरुले भरिएको हुन्छ भने यसलाई छोएमा पोल्ने तथा चिलाउने हुन्छ । अल्लोका विरुवा ३/४ प्रकारका हुन्छन् । तिनका पातहरु १० देखि १७ से.मि. लामा हुन्छन् । पातको दुबैतिर भुसले भरिएको हुन्छ । अल्लोको भाले पोथी एउटै विरुवा हुन्छ । भाले फूल लामो, सर्लक्क र भुप्पा परेको हुन्छ । पोथी फूलहरु साधारण भुप्पा भएको १५ से.मि.को हुन्छ । जसमा बीउ लाग्ने गर्दछ । अल्लो नेपालको ३०/३५ जिल्लाहरु र भारत, चीन, भुटान, मलेसिया, श्रीलंका आदि देशहरुमा समेत पाइन्छ । नेपालको पूर्वमा खासगरी राई, लिम्बु, शेर्पा, मगर, गुरुङ्ग, कुलुङ्ग हरुले अल्लोको प्रयोग गरी विभिन्न वस्तुहरु उत्पादन गर्ने गर्दछ ।*

## अल्लो कपडाको विकास

नेपालका दुर्गम पहाडी क्षेत्रका वासीन्दाहरुले सदियौं पहिलेदेखि अल्लोको बोटबाट रेशाहरु निकाली धागो तयार गरी त्यसबाट डोरी, नाम्लो, दाम्लो, जालो, थैली, जाट्कोट, धोक्रा तथा पहिरनका वस्तुहरु तयार गर्ने गर्दछ । जनजातीहरुमा कुलुङ्ग राईहरुले जन्मँदा, मर्दा तथा विभिन्न पूजाआजा एवं धार्मिक कार्य गर्दा अल्लो कपडाबाट बनेका वस्तु एवं पहिरन प्रयोग गर्दछन् । विशेष गरी संखुवासभा र सोलुखुम्बुमा अल्लोबाट निर्मित वस्तुहरुको राम्रो विकास भएको देखिन्छ । अल्लोको विशेषता र महत्वलाई बुझेर एक ब्रिटिस नागरिकले संखुवासभामा अल्लो सम्बन्धी अध्ययन अनुसन्धान गरी सन् १९८८ तिर तहाँ अल्लो रेशा एवं कपडा तयार गर्ने उद्योग स्थापना गरी तहाँका स्थानीय वासिन्दाहरुलाई सीप प्रशिक्षण प्रदान गरिएको थियो । यसैको परिणाम अल्लोबाट प्रेसम्याट, कोटका कपडा, झोला तथा विभिन्न हस्तकला वस्तुहरु तयार गराई स्वदेश तथा विदेशमा बिक्री वितरण गर्न सहयोग पुऱ्याएको थियो । यसैगरी सन् १९९८ तिर अष्ट्रिया सरकारको सहयोगमा संचालित ईको हिमाल परियोजनाबाट संखुवासभाको माङ्टेवा, ताम्कु, बाला, सिसुवाका बुनाई गर्ने उद्यमीहरुलाई अल्लोबाट आधुनिक कपडा बुनाई, डिजाइन, प्राकृतिक रंगाई, सायनिक रंगाई सम्बन्धी सीप प्रदान गरी यस क्षेत्रको विकासमा थप सहयोग पुऱ्याउँदै आएको छ । यसका साथै अल्लोजन्य वस्तुको व्यवसायिक विकासका लागि उद्यमी व्यवसायीहरुलाई समयसापेक्ष धागो कटाई, बुनाई एवं डिजाइन विकासका लागि आवश्यक औजार उपकरणको व्यवस्था गरी गतिलो पूर्वाधार तयार गर्न सहयोग पुऱ्याएको देखिन्छ । विगत केही वर्षदेखि आई.टि.डि.जी.(एक्सन नेपाल), टि.एम.आई., स्वीस नेपाल, लघु उद्यम विकास कार्यक्रम, ए.क्याप, उ.पा.प. आदि जस्ता संस्थाहरुको पहल एवं सहयोगबाट अल्लोजन्य वस्तुको गुणस्तर एवं व्यवसायिक विकासमा टेवा पुऱ्याउँदै आएको छ ।

परिणाम स्वरुप हिजोआज स्तरीय अल्लो धागो र कपडाको उत्पादन गरी तिनबाट हस्तकलाका आकर्षक एवं उपयोगी वस्तुहरु जस्तैः ब्याग्, टोपी, पर्स झोला, म्याट, जुत्ता, कोट, पहिरनका सामान, पर्दा, कुशनकभर, टेबल पोस तथा अन्य आवश्यक वस्तुहरु तयार गर्न उद्यमी व्यवसायीहरु सक्षम एवं दक्ष भएका छन् । अर्कोतर्फ अल्लोजन्य वस्तुको स्वदेश तथा विदेशमा राम्रो बिक्री एवं निकासी भएबाट धेरैलाई दीघकालिन रुपमा रोजगार र आय आर्जनको अवसर प्राप्त हुन गएको छ । यस क्षेत्रको समयसापेक्ष विकासका लागि सम्बन्धित व्यवसायी एवं सरकारी एवं गैन्ह सरकारी निकायहरु निरन्तर रुपमा लाग्न सकेमा यस क्षेबाट देशको आर्थिक विकासमा समेत टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## अल्लो कपडाको विशेषता एवं महत्व

- अल्लो धागो, कपडा देशको उच्च पहाडी भेग, जङ्गलमा त्यसै उम्रिने वनस्पति बिरुवाको रेशाबाट तयार गरिन्छ ।
- अल्लो धागो, कपडा बुनाई गर्न सहज श्रम एवं सीप बाहेक धेरै पुँजी लाग्दैन ।
- अल्लोको रेशाबाट बनेका कपडाहरु अरु कपडाभन्दा बलिया हुन्छन्
- अल्लो कपडाले अन्य सुति कपडाले भन्दा तीन चार गुणा बढी पानी सोस्दछ ।
- अल्लोको पात, मुन्टा एवं रेशाहरुमा छाला एवं स्वास्थ्यलाई उपयोगी तत्व भएको हुँदा लगाउँदा फाइदा गर्दछ ।
- यो कपडा बाक्लो र न्यानो हन्छ ।
- अल्लोका रेशाहरुबाट बनेका धागो कपडा एवं वस्तुहरु देशमा

भन्दा विदेशमा बढी निकासी हुने हुँदा यसबाट विदेशी मुद्रा आर्जन हुन्छ ।

- अल्लोका बिरुवाहरुबाट छिल्का तथा बाका निकालिसकेपछि भित्री डाँठहरु बाल्न प्रयोग गर्न सकिन्छ ।
- अल्लो दुर्गम पहाडी क्षेत्रमा पाइने हुँदा यसको बढी उपयोगले गर्दा तहाँका मानिसहरुलाई रोजगार र आय आर्जनको अवसर प्रदान गर्दछ ।
- अल्लो नेपालको विभिन्न भेगहरुमा स्थानीय रुपमा पाइने कच्चा पदार्थ हुन र यसबाट हस्तकलाका वस्तुहरु उत्पादन भई विदेशमा निकासी भएबाट देशलाई विदेशी मुद्रा आर्जनमा सघाउ पुऱ्याउँदछ ।

## अल्लोको संरक्षण तथा सम्बर्द्धन

विभिन्न कारणहरुले गर्दा महत्वपूर्ण प्राकृतिक श्रोत अल्लोको सदुपयोग गरी वाञ्छित लाभ हासिल गर्न सम्बन्धित सबैले विशेष ध्यान दिनु पर्दछ । यो प्राकृतिक रुपमा त्यसै पाइन्छ भनेर जथाभावी प्रयोग गर्नु हुँदैन । समय, मौसुम अनुकुल दिगो रुपमा श्रोतको विकासका लागि उचित रोपन तथा संरक्षण गर्नु आवश्यक पर्दछ । अल्लोको संरक्षणका लागि अल्लोको लोक्ता झिक्दा निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

१) अल्लोको दिगो संरक्षण गर्न त्यसको बिरुवा काट्दा विशेष ध्यान दिनु जरुरी पर्दछ । बिरुवा छिप्पिसके पछि मात्र लोक्ता काट्नु पर्दछ ।

२) बिरुवा छिप्पि सकेको रहेछ भने बिरुवा काट्नु अघि वा काटेर बिरुवा संकलन गर्नु छ भने एउटा थैलीमा बीउँको झुप्पालाई राखी हल्लाएमा बीउ राम्ररी झार्न सकिन्छ । यदि बीउ संकलन गर्नु छैन भने जंगलमा त्यसै झर्नु पर्छ, जसले नयाँ विरुवा विकास हुन्छ । यो समग्र काम कार्तिकको अन्तिम हप्तादेखि पौष माघ सम्म हुन्छ ।

३) बिरुवा काट्दा धारिलो हतियार जस्तैः खुकरी, हसिया आदिको प्रयोग गर्नुपर्छ । यसले गर्दा बिरुवा एकै पटकमा चटक्कै काटिन्छ र बिरुवामा कम मात्र घाउ भई डाँठ फुट्दैन ।

४) छिप्पिएको बिरुवा काट्दा तलतिरको भागबाट राम्रो लोक्ता नआउने भएको हुँदा उक्त ठुटालाई माटोमा गाड्नु पर्छ जसले गर्दा त्यसबाट नयाँ बिरुवा विकास हुन्छ ।

५) काटिएको बिरुवाको हाँगा तथा पातपतिङ्गरहरु सोही ठाउँमा छाडी दिने, जुन पछि कुहिएर मलको रुपमा रहन्छ ।

६) बोट काट्दा सकभर जमिनदेखि ३/४ इन्च रहने गरी काट्नु राम्रो हुन्छ । जसले गर्दा जराबाट नै नयाँ पालुवा पलाउँछ, जुन सीधा हुने हुँदा अल्लो लोक्ता राम्रो हुन्छ ।

७) अल्लोको लोक्ता झिक्ने सम्पूर्ण कार्य सकेपछि जंगलबाट फर्कनु अघि तहाँ लोक्ता झिकेको अल्लोको वरपर घाँसहरु काटी त्यही छाड्नु पर्छ, जुन पछि कुहिएर मलको काम गर्दछ ।

८) एक वर्ष अल्लोको बिरुवाहरु फेदबाट नै काटी दिनुपर्दछ नत्र त्यसमा समेत हाँगाहरु पलाउँछन् र त्यसबाट राम्रो लोक्ता झिक्न नसकिने हुन्छ ।

९) अल्लोका लोक्ता झिकेर बचेको भित्रको डाँठ समेत त्यही जंगलमा छाड्नु पर्दछ, जुन पछि कुहिएर माटोलाई उर्वर बनाउन सहयोग पुऱ्याउँदछ ।

१०) लोक्ता कार्तिक अघि काट्नु हुँदैन

११) अल्लोको बोटबिरुवालाई संरक्षण गरी जोगाउन यसको बिरुवाहरु भएको ठाउँमा जथाभावी गाईवस्तु चराउनु हुँदैन ।

१२) अल्लोका मुन्टाहरु तरकारीको रुपमा पनि खाने गर्दछन् । अतः यसको दीगो संरक्षणका लागि अल्लोका मुन्टाहरु तरकारीको रुपमा जथाभावी टिप्नबाट रोक लगाउनु पर्दछ । समय अनुकुल अल्लोको जंगलमा अनावश्यक घाँस झारपात फँडानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१३) वर्षा हुनु अगाडी नै अल्लोका बोट बिरुवाहरु भएको ठाउँमा गोडमेल गर्ने, तिनको सुरक्षा, संरक्षण एवं सम्बर्द्धनको वातावरण तयार गर्नु पर्दछ ।

यसरी अल्लोको बोट विरुवाको प्रकृति अनुसार, समय अनुसार गर्नुपर्ने स्याहार एवं उचित हेरविचारको व्यवस्था गरी व्यवसायिक रुपमा अगाडी बढाउन सकेमा यसको दीगो संरक्षण, सम्बर्द्धन हुनुका साथै यसबाट स्थानीय वासीहरुलाई रोजगार तथा आय आर्जनको अवसर प्रदान गर्दछ । व्यवसायिक रुपमा अल्लोको उत्पादन गर्न सकेमा सम्बन्धित उद्यमी व्यवसायीहरुलाई कच्चा प्राकृतिक रेशा उपलब्ध गराई अल्लोको प्राकृतिक रेशाजन्य हस्तकलाको उत्पादन तथा निकासी प्रबर्द्धनमा समेत टेवा पुऱ्याउन सकिन्छ ।

यस सम्बन्धी थप जानकारीका लागि प्राकृतिक रेशा सम्बन्धी क्षेत्रका अनुभवी एवं विज्ञ श्री हरिगोपाल च्यासीबाट राम्रो अध्ययन अनुसन्धान गरी प्रकाशन गर्नु भएको **अल्लो उत्पादन, संरक्षण, प्रशोधन बुनाई तथा बजार व्यवस्थापन** स्रोत पुस्तिका हेर्न हुन समेत जानकारी गराइन्छ ।

(**सन्दर्भ स्रोतः** अल्लो उत्पादन, संरक्षण, प्रशोधन बुनाई तथा बजार व्यवस्थापन स्रोत पुस्तिका)

# विविध तालिम/सेमिनार/गोष्ठी/तालिममा सहभागिता

२०६७ साल श्रावण देखि आश्विन सम्ममा विभिन्न संघ संस्थाद्वारा आयोजित निम्न कार्यक्रमहरुमा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, व्यवसायी तथा कर्मचारीहरु सहभागी हुनुभयो ।

| क्र.सं. | कार्यक्रम | मिति | आयोजक | सहभागीको नाम |
|---|---|---|---|---|
| १ | Trade Information Bank स्थापना सम्बन्धी अन्तरक्रिया | १० श्रावण, २०६७ काठमाडौं | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | सहायक सचिव देवराज बज्राचार्य |
| २ | हाईनान् फ्रोन्जे ग्रुप अफ कम्पनीका प्रतिनिधिहरुसंग तिब्वतमा हस्तकला प्रवर्द्धन बारे छलफल | १४ श्रावण, २०६७ काठमाडौं | हाईनान् फ्रोन्जे ग्रुप अफ कम्पनी | अध्यक्ष, पदाधिकारीहरु, काससहरु, पूर्व अध्यक्ष कल्याण कृष्ण ताम्रकार का.मु. महानिर्देशक, सहायक सचिव श्री देवराज बज्राचार्य लगायत करिब २५ जना निर्यातकर्ता सदस्यहरु |
| ३ | नेपाल पर्यटन बोर्डमा अन्तरराष्ट्रिय व्यापार मेलाबारे छलफल | १६ श्रावण, २०६७ काठमाडौं | नेपाल हस्तकला महासंघ | विकासरत्न धाख्वा, अध्यक्ष, उपाध्यक्ष हरि कार्की, का.मु. महानिर्देशक, दिलिप खनाल |
| ४ | निर्यातकर्ताहरुसंग चांदीमा क्याडमियम मिसावट सम्बन्धी छलफल | १६ श्रावण, २०६७ काठमाडौं | नेपाल हस्तकला महासंघ | अध्यक्ष, पूर्व अध्यक्ष ईन्द्र बहादुर शाक्य, उपाध्यक्षहरु हरिबहादुर कार्की, धर्मराज शाक्य, सदस्यहरु स्वयम्भूरत्न तुलाधर र विजय तुलाधर (याक एण्ड यति ईन्टरप्राईजेज), सुमन धाख्वा, भालहाला ईन्टरप्राईजेज, यज्ञनारायण गुप्ता, अमृता क्राफ्ट |
| ५ | Special Economic Zones Global Experience and Proposal for Nepal विषय अन्तक्रिया | १८ श्रावण, २०६७ काठमाडौं | International Finance Corporation (World Bank Group) | विकासरत्न धाख्वा, अध्यक्ष |
| ६ | Meeting on Current Issues for NBF Working Group | २१ श्रावण, २०६७ काठमाडौं | CNI | धर्मराज शाक्य, उपाध्यक्ष |
| ७ | हस्तकला प्रयोगशाला संचालन बारेमा नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकसंग भेटवार्ता | २३ श्रावण, २०६७ काठमाडौं | नेपाल गुणस्तर तथा नापतौल विभाग | अध्यक्ष, उपाध्यक्षहरु हरिबहादुर कार्की धर्मराज शाक्य, हेमरत्न शाक्य र सहायक सचिव देवराज बज्राचार्य |
| ८ | Rehabilitation of Ex-Combatants: What Role For The Nepalese Private Sector? विषयक गोष्ठी | ४ भाद्र, २०६७ काठमाडौं | National Business Initiative | विकासरत्न धाख्वा, अध्यक्ष |
| ९ | "Role Of Private Sector in NTIS Implementation" विषयक गोष्ठी | ४ भाद्र, २०६७ काठमाडौं | वाणिज्य तथा आपूर्ति मन्त्रालय | विकासरत्न धाख्वा, अध्यक्ष |
| १० | देशमा सृजना हुदै गएको असहज परिस्थिति र अन्य समसामयिक विषय सम्बन्धी अन्तरक्रिया | ९ भाद्र, २०६७ काठमाडौं | नेपाल उद्योग वाणिज्य महासंघ | विकासरत्न धाख्वा, अध्यक्ष यज्ञमान शाक्य, कासस |
| ११ | नेपाल राष्ट्र बैंक विदेशी विनिमय विभागका प्रमुख भाष्कर मणि ज्ञवालीसंग सुन चांदी आपूर्ति सम्बन्धी छलफल | १५ भाद्र, २०६७ काठमाडौं | नेपाल हस्तकला महासंघ | अध्यक्ष, उपाध्यक्ष धर्मराज शाक्य, कासस यज्ञमान शाक्य, वेदराज ज्ञवाली, का.मु. महानिर्देशक, सहायक सचिव देवराज बज्राचार्य |
| १२ | दक्षिण अफ्रिकाका अवैतनिक महाबाणिज्यदुत प्रदीप कुमार श्रेष्ठसंग भेटवार्ता | २१ भाद्र, २०६७ काठमाडौं | नेपाल हस्तकला महासंघ | विकासरत्न धाख्वा, अध्यक्ष |
| १३ | The Role of National Business Forum in Local Economic Development अन्तरक्रिया कार्यक्रम | २९ भाद्र, २०६७ काठमाडौं | नेपाल उद्योग वाणिज्य संघ | विकासरत्न धाख्वा, अध्यक्ष |
| १४ | काठमाडौं गन्तव्य बन्दिपूर महोत्सव २०६७ अन्तरक्रिया कार्यक्रम | २९ भाद्र, २०६७ काठमाडौं | बन्दिपुर सामाजिक विकास समिति | हेमरत्न शाक्य, उपाध्यक्ष |
| १५ | Global Village सम्बन्धी अन्तरक्रिया कार्यक्रम | ३ आश्विन, २०६७ काठमाडौं | नेपाल चेम्बर अफ कमर्स | वेदराज ज्ञवाली, कास सदस्य |
| १६ | हस्तकला क्षेत्रको विकास सहयोग सम्बन्धमा उद्योग सचिवज्यूसंग भेटवार्ता | ३ आश्विन, २०६७ काठमाडौं | उद्योग मन्त्रालय | अध्यक्ष, उपाध्यक्ष धर्मराज शाक्य, सहायक सचिव ऋषिराज सुवेदी |
| १७ | Trade Information Bank सम्बन्धी कार्यक्रम | ८ आश्विन, २०६७ काठमाडौं | व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र | देवराज बज्राचार्य, सहायक सचिव |
| १८ | श्रम विवाद समाधान र श्रम अदालतको भूमिका विषयक गोष्ठी र रोजगारदाता परिषदको वेभसाईट उद्‌घाटन कार्यक्रम | १० आश्विन, २०६७ काठमाडौं | नेपाल उद्योग बाणिज्य महासंघ | धर्मराज शाक्य, उपाध्यक्ष |
| १९ | Workshop on Business Regulation Reform in Nepal: Lessons from Other Countries | १२ आश्विन, २०६७ काठमाडौं | International Finance Corporation (DFID) | हेमरत्न शाक्य, उपाध्यक्ष |
| २० | औद्योगिक लगानी प्रवर्द्धन एवं सम्पादन समूह, अन्तरक्रिया | १८ आश्विन, २०६७ काठमाडौं | नेपाल उद्योग परिसंघ | धर्मराज शाक्य, उपाध्यक्ष |
| २१ | Press Breifing Program of National Campaign Nepal of Tourism Year 2011 | २१ आश्विन, २०६७ काठमाडौं | नेपाल पर्यटन बोर्ड | हरिबहादुर कार्की, उपाध्यक्ष |
| २२ | NRNA/ICC का अधिकारीहरुसंगको भेटवार्ता | २३ आश्विन, २०६७ काठमाडौं | नेपाल हस्तकला महासंघ | पुष्करमान शाक्य, निवर्तमान अध्यक्ष, पूर्व अध्यक्ष ईन्द्रबहादुर शाक्य, उपाध्यक्ष हरि बहादुर कार्की र धर्मराज शाक्य, कास सदस्य वेदराज ज्ञवाली, सदस्यहरु सुरेन्द्र संग्रौला र जित बहादुर खडका |

# विविध संघ संस्था गतिविधिहरू

## व्यापार सूचना बैंक सम्बन्धी अन्तरक्रिया

*व्यापार व्यवसाय सम्बन्धी विभिन्न सूचना, प्रक्रिया, संस्थागत विवरण एवं नीति नियमहरु सम्बन्धी समसामयिक जानकारीहरु एकै ठाउँमा संग्रहित गरी सम्बन्धित एवं सरोकारवालाहरुलाई आवश्यकता अनुसार व्यपार सूचना प्रवाह गर्दै जाने उद्देश्यले व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रद्वारा व्यापार सूचना बैंक स्थापनाका लागि आवश्यक कार्य थालनी गरेको छ । यस क्रममा प्रारम्भिक रुपमा विभिन्न व्यापारिक निकाय एवं संघ संस्थाहरुका प्रतिनिधिहरुसंग छलफल गरी आवश्यकता पहिचान गरिएको थियो । यसै सन्दर्भमा सूचना बैंक सम्बन्धमा विदेशी विज्ञहरुबाट तयार पारिएको जानकारीमूलक विवरण प्रस्तुत गर्नुका साथै बजार विश्लेषण टूल्सबारे जानकारी गराई बैंक स्थापना सम्बन्धी छलफल गर्ने उद्देश्यले सो केन्द्रद्वारा वाणिज्य तथा आपर्ति मन्त्रालयका सचिव श्री पुरुषोतम ओझाको प्रमुख आतिथ्यमा २०६७ आश्विन ८ गते धुलिखेल, काभ्रेमा व्यापार सूचना केन्द्र सम्बन्धी अन्तरक्रियाको आयोजना गरियो ।*

सो अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै सो केन्द्रका कार्यकारी निर्देशक श्री रमेशकुमार श्रेष्ठले सूचना बैंकको महत्व एवं उपयोगिताबारे चर्चा गर्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । तत्पश्चात ओ.डि.सी. *(Organization Development Center)* का विज्ञबाट बैंक स्थापना सम्बन्धी अध्ययनबाट पहिचान गरिएका विषयमा प्रस्तुत गर्नुभयो । यसैगरि कार्यक्रममा सो केन्द्रकी सल्लाहकार श्रीमती *Gabriele Schlaeger* र केन्द्रको सह निर्देशक श्री सुरेन्द्र गंगोलले बजा विश्लेषण प्रशिक्षणका सम्बन्धमा जानकारी प्रस्तुत गरेका थिए । तत्पश्चात सहभागीहरु विषयगत प्रस्तुतिका सम्बन्धमा छलफल हुनुका साथै सहभागीहरुले राखेका जिज्ञासाहरुबारे विज्ञबाट स्पष्ट पारिएको थियो । यसै क्रममा सूचना बैंक स्थापना सम्बन्धमा प्रस्तुत विषयमा टिप्पणी गर्दै माननीय राष्ट्रिय योजना आयोगका सदस्य श्री पुष्कर बज्राचार्य यसलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो । यस क्रममा उहाँले यो पुरानो प्रविधि भए पनि समय सापेक्ष, स्तरीय, भरपर्दो एवं नयाँ तथा नौलो व्यापार तथा व्यवसाय उपयोगी सूचना दिन सकेमा बैंक प्रभावकारी हुने बताउनुभयो ।

अन्तमा सूचना बैंकको महत्वबारे प्रकाश पार्नुहुँदै प्रमुख अतिथि एवं वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तथा सो केन्द्रको व्यापार तथा निकासी विकास समितिका अध्यक्ष श्री पुरुषेतम ओझाले श्रोतव्यक्ति लगायत उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै सूचना बैंक स्थापना गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गर्नुभयो । यस क्रममा उहाँले सो केन्द्रबाट व्यापार तथ्यांक लगायत उपयोगी प्रकाशन गर्दै आएको बताउँदै सूचना बैंकबाट उपयोगी, भरपर्दो, समयसापेक्ष सूचना दिनुपर्नेमा जोड दिनुभयो ।

## हार्दिक समवेदना



जन्म:
सन् १९२८ फेबुअरी २८
बि.स. १९८४ फागुन १७

स्वर्गारोहण:
सन् २०१० सेप्टेम्बर २
बि.सं. २०६७ भाद्र १७

स्व. सानुरत्न स्थापित

यस महासंघका सस्थापक सदस्य **सानुरत्न स्थापित**को स्वर्गारोहण भएकोमा निकै मर्माहत भएका छौं । दु:खको यस घडिमा मृत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद क्षणमा समस्त शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल हस्तकला महासंघ परिवार**
उपमा मार्ग, थापाथली, काठमाडौं

## हार्दिक समवेदना



जन्म :
वि. सं. १९८२

स्वर्गारोहण :
वि. सं. २०६७ भाद्र ९

स्व. लक्ष्मणबहादुर कार्की

**यस महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीज्यूको पूज्य पिता लक्ष्मणबहादुर कार्कीको स्वर्गारोहण भएकोमा हामी निकै मर्माहत भएका छौं । दु:खको यस घडिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद क्षणमा समस्त शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**नेपाल हस्तकला महासंघ**
उपमा मार्ग, थापाथली, काठमाडौं

## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | The Iconography of Nepalese Buddhism (German) | US$ 15.00 |
| 3. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 4. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 5. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 6. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

*To,*


प्रकाशक:

**नेपाल हस्तकला महासंघ**
पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७-१-४२२२९४०
**E mail: han @ wlink.com.np**
**URL: www.nepalhandicraft.org.np**

**सम्पादक**
देबराज बज्राचार्य, ऋषिराज सुवेदी